# व्यवस्थापिका-संसद
# प्राकृतिक स्रोत र साधन समिति
# सिंचाई उपसमिति
# इन्द्रावती तथा सुनकोशी नदीमा ढुंगा, गिट्टी, बालुवाको उत्खनन् र संकलनबाट कृषि, सिंचाई र वातावरणमा परेको असर सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन,२०६८

## भाग-१
## पृष्ठभूमि

सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न भागहरु हुँदै बग्ने इन्द्रावती नदी माथि निर्भर रही सञ्चालित क्रसर उद्योगहरुले अव्यवस्थित, अनियन्त्रित र अनधिकृत रुपमा गरिरहेको ढुंगा, बालुवा, रोडा र ग्राभेल उत्खनन् एवं संकलन कार्यको परिणाम स्वरुप नदीको प्राकृतिक बहावमा परेको असर, उक्त नदीमाथि निर्मित पक्की पूलमा भएको क्षति, जल, वायु र ध्वनि प्रदूषण, कृषि योग्य भूमिमा भएको क्षय आदि जस्ता खबरहरु विभिन्न सञ्चार माध्यमहरुमा प्रकाशित एवं प्रशारित भएपछि समिति अन्तर्गत गठित सिंचाई उपसमितिको ध्यानाकर्षण भएको हो । यसै सम्बन्धमा अध्ययन गर्न मिति २०६८।१।२५ गतेका दिन देहायका मा.सदस्यहरु र कर्मचारीहरुको टोलीले इन्द्रावती नदी किनारामा अवस्थित क्रसर उद्योगहरु, नदी उत्खनन्को अवस्था, पूलको अवस्था, तामाखानीको पहिरो र मेलम्ची खानेपानी आयोजना अन्तर्गत निर्माणाधिन सिन्धु अडिट सुरुङ्ग मार्गको अवस्थाको बारेमा स्थलगत अध्ययन अवलोकन गरेको थियो । अध्ययनको क्रममा भ्रमण टोलीले काभ्रेपलाञ्चोक जिल्लाको देउपुर गा.वि.स.मा एक र सिन्धुपाल्चोक जिल्लामा तीन वटा क्रसर उद्योगहरुको अवलोकन गरेको थियो ।

भ्रमणमा सहभागि माननीय सदस्यहरु:

१. मा. सभापति श्री शान्ता चौधरी,
२. मा.श्री भैरे कामी,
३. मा.श्री किरणकुमार राई,
४. मा.श्री दावा तामाङ्ग,
५. मा.श्री प्रमिला राई,
६. मा.श्री यशोदादेवी अधिकारी,
७. मा.श्री रामबहादुर बोहोरा,

सरोकारवाला निकायको तर्फबाट:

१. श्री विष्णु कार्की - प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक,
२. श्री प्रेम प्रकाश उप्रेती - स्थानीय विकास अधिकारी, सिन्धुपाल्चोक,
३. श्री सुन्दर थापा - घरेलु तथा साना उद्योग कार्यालय
४. श्री नेत्रप्रसाद बोहोरा - जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं.४, भक्तपुर

समिति सचिवालयको तर्फबाटः

१. शा.अ. श्री विष्णु गिरी,
२. शा.अ. श्री गोपाल सिग्देल,
३. टा.ना.सु. श्री लक्ष्मी महर्जन,
४. क.अ. श्री जीवनकुमार निरौला,
५. का.स. श्री गोपाल तामाङ्ग ।

त्यसैगरी उपसमितिले जल उत्पन्न प्रकोप सम्बन्धमा अध्ययन गर्दै जाँदा अरनिको लोक मार्गको बलेफी बाह्रबिसे खण्डको सुनकोशी नदीको किनारमा सडक कै छेउमा सञ्चालित क्रसर उद्योगहरु, नदीको बीचबाट ढुंगा गिट्टीको संकलनमा अपनाई आएको तरिका र त्यसबाट पर्न जाने असरका सम्बन्धमा मिति २०६८।२।१९ मा देहायको टोलीले सिन्धुपाल्चोक जिल्लाको सुनकोशी क्षेत्रको स्थलगत अध्ययन भ्रमण गरेको थियो ।

भ्रमणमा सहभागी मा.सदस्यहरुः

८. मा. सभापति श्री शान्ता चौधरी,
९. मा.संयोजक श्री भैरे कामी,
१०. मा.श्री किरणकुमार राई,
११. मा.श्री दावा तामाङ्ग,
१२. मा.श्री यशोदादेवी अधिकारी,
१३. मा.श्री रामबहादुर बोहोरा,
१४. मा.श्री लोकेन्द्र विष्ट मगर ।

विज्ञः

श्री सन्तोषमणि नेपाल

सरोकारवाला निकायका तर्फबाटः

१. श्री विष्णु कार्की, प्र.जि.अ., सिन्धुपाल्चोक,
२. प्रेम प्रकाश उप्रेती, स्थानीय विकास अधिकारी, सिन्धुपाल्चोक,
३. मुरारीप्रसाद पोखरेल जि.व.अ., सिन्धुपाल्चोक,
४. रामएकवाल साह, स.व.अ., सिन्धुपाल्चोक,
५. निरञ्जन श्रेष्ठ, जि.भू.सं.अ. सिन्धुपाल्चोक,
६. प्र.ना.उ. स्थानेश्वर रेग्मी, जि.प्र.का., सिन्धुपाल्चोक,
७. श्री सुन्दर थापा, ब.उ.अ., घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुपाल्चोक,
८. श्री प्रदीपकुमार साह, इन्द्रावती सववेशिन आयोजना,
९. श्री हरिश्चन्द्र राई , इन्द्रावती सववेशिन आयोजना ।

सचिवालयको तर्फबाटः

१. सहसचिव श्री रामशरण घिमिरे,
२. टा.ना.सु. श्री लक्ष्मी महर्जन,
३. क.अ. श्री जीवनकुमार निरौला,
४. वैठके श्री कुवेर शाही ।

## भाग-२
## अध्ययनको उद्देश्य

१. इन्द्रावती र सुनकोशी नदी आसपासको क्षेत्रमा सञ्चालित क्रसर उद्योगहरुले नदीको प्राकृतिक बहाव, जलचर, सिंचाई, वातावरण आदिमा परेको प्रभावको अध्ययन ।
२. नदीमा बढी मात्रामा ढुंगा, गिट्टी, बालुवाको उत्खनन् र संकलन हुँदा सिपाघाट स्थित इन्द्रावती नदी माथिको पक्की पूललाई  पारेको असरको अध्ययन ।
३. तामाखानी पहिरोको अवस्थाको अध्ययन ।
४. बलेफीदेखि खाडीचौरसम्म सुनकोशी नदीमा ढुंगा र गिट्टीको उत्खनन् र संकलनबाट पर्ने असरको अध्ययन ।

## भाग-३
## अध्ययन विधि

१. सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन ।
२. नेपाल सरकारका सम्बद्ध पदाधिकारीहरुसँगको छलफल ।
३. क्रसर उद्योग सञ्चालक, राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु, स्थानीय बासी, पत्रकार, आदिसँगको छलफल ।
४. खानी तथा भू-गर्भ विभागको प्राविधिक टोलीको प्रतिवेदनको अध्ययन ।
५. समितिले यसभन्दा अगाडि यसै सन्दर्भमा गरेका निर्णयहरु र दिएका निर्देशनहरुको अध्ययन ।

## भाग-४
## अध्ययनको क्षेत्र

१. काभ्रेपलाञ्चोक जिल्लाको जिरो किलो भन्ने ठाउँबाट उत्तर तर्फ रहेको देउपुर गा.वि.स. हुँदै सिन्धुपाल्चोक जिल्लाको मेलम्ची बजारसम्मको क्षेत्रमा पर्ने क्रसर उद्योगहरु ।
२. सिपाघाट स्थित इन्द्रावती नदी माथिको पक्की पूलको तल-माथिको नदी सतह ।
३. मेलम्ची खानेपानी आयोजना अन्तर्गतको सिन्धु अडिट सुरुङ्गमार्ग ।
४. मेलम्ची खानेपानी आयोजनाको पहुँच मार्गमा पर्ने तामाखानी पहिरो ।
५. सिन्धुपाल्चोक जिल्लाको बलेफीदेखि बाह्रबिसेसम्मको क्षेत्र ।

# भाग-५
# समस्याको कथन

## ५.१ इन्द्रावति नदीको सन्दर्भमा

### *५.१.१ ढुंगा, गिट्टी बालुवा संकलन/उत्खनन्को अवस्था*

(१) ढुंगा गिट्टी, बालुवाको उत्खनन् र संकलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण नै भए, नभएको स्पष्ट हुन सकेन ।

(२) प्रचलित कानून र तोकिएको सर्तहरु पालना भए, नभएको अनुगमन समेत भएको देखिएन ।

(३) इन्द्रावती नदीमा वर्षाको समयमा नदीले बगाएर ल्याउने ढुंगा, गेगर, वालुला आदिको संकलन तथा नदी क्षेत्र आसपासबाट गरिने उत्खनन्को कार्यलाई त्यस क्षेत्रमा सञ्चालित क्रसर उद्योगहरुले अनियन्त्रित, अव्यवंस्थित एवं तोकिएको मापदण्ड विपरीत गरेको पाइयो ।

(४) संकलन र उत्खनन्को कार्य गर्दा ती उद्योगहरुले एस्काभेटरको प्रयोग गरी नदी किनारा लगायत नदीको बहाव क्षेत्रबाट पनि ढुंगा, बालुवा, गेगर, आदि निकालेको पाइयो । यस कार्यबाट नदी किनार र आसपासमा ठूला ठूला खाल्डाहरु देखियो ।

(५) ढुंगा, गिट्टी, बालुवाको उत्खनन् र संकलनको ठेक्का लगाउँदा के कस्तो प्रक्रिया अपनाउनु पर्छ, त्यसमा आफ्नो दायित्व के हो ? सो कुरा स्थानीय विकास अधिकारीले अनुभूत गरेको पाइएन ।

### *५.१.२ सिपाघाट पूलको अवस्था*

(१) यस पूलभन्दा करीब ३०० मीटर तल क्रसर उद्योग रहेको ।

(२) पूलका खम्बाहरुमध्ये एउटा खम्बाको आधार (Base) मा रहेका ढुंगा जालीहरु सबै नै नदीले बगाइसकेको र अर्को खम्बाको Base मा रहेका जालीहरु पनि नदीले धेरै खोतलीसकेको अवस्था रहेको ।

(३) पूलको पारी (सिन्धुपाल्चोक जिल्ला) पट्टी पूलभन्दा तल नदीको किनारामा गरिएको तटबन्ध शुरुको अवस्था भन्दा करीब ५/६ फीट खोतलिएको अर्थात् नदीको पानी हाल ५/६ फिट गहिरिएर बगिरहेको पाइयो ।

### *५.१.३ तामा खानी पहिरोको अवस्था*

(१) यो पहिरो सिन्धुपाल्चोक जिल्लाको सिन्धुकोट गा.वि.स.को तामाखानी भन्ने ठाउँमा पर्छ ।

(२) मेलम्ची खानेपानी आयोजनाको सिन्धु अडिट सुरुङ्ग मार्ग निर्माणका लागि बाहुनेपाटीदेखि काउले दोभानसम्मको मोटर बाटो निर्माण गरे पश्चात् यो पहिरो आउन शुरु भएको रहेछ । उक्त आयोजनाका कारणले यो पहिरो आउन थालेकाले आयोजनाले नै यसको रोकथाम एवं उचित व्यवस्थापन गर्नुपर्ने स्थानीयबासीको माग रहेको छ ।

(३) कमजोर भौगोलिक एवं भौगर्भिक अवस्थाका कारण पहिरो क्रमश: विस्तार हुने क्रममा रहेको । अहिले हेर्दा पनि सो पहिरो खतरनाक एवं डरलाग्दो अवस्थामा रहेको छ ।

(४) यसले गर्दा मेलम्ची खाने पानी आयोजनाको काम तथा स्थानीय बासीको आवत-जावतमा असर परिरहेको छ । साथसाथै भू-क्षयका कारण कृषि, वन, वातावरण र मानव बसोबासमा समेत असर परिरहेको छ ।

### ५.१.४ मेलम्ची खानेपानी आयोजना अन्तर्गत निर्माणाधीन सिन्धु अडिट सुरुङ्ग मार्गको अवस्था

(१) यस सिन्धु अडिट सुरुङ्गमार्गको कुल लम्बाई ७७०.२१५ मी रहेको ।

(२) कूल लम्बाई मध्ये करीव ४७० मीटर सुरुङ्ग खन्ने काम सकिएको ।

(३) बाँकी रहेको काम आगामी तीन महीनाभित्र सक्ने योजना रहेको ।

### ५.१.५ काभ्रेपलाञ्चोकको जिरो किलोदेखि सिन्धुपाल्चोकको मेलम्ची बजारसम्मको सडकको अवस्था

(१) जिरो कि.मी. भन्ने ठाउँदेखि मेलम्ची बजारसम्म निर्माण भई कालोपत्रे गर्ने कार्य समेत सम्पन्न भइसकेको ।

(२) उक्त सडकको क्षमता १०/१२ टन भार भएको तर हाल उक्त सडकमा दैनिक २०/२२ टन सामाग्री बोकेका ट्रिपर ट्रकहरु सयौंको संख्यामा ओहोर दोहोर गर्ने गरेका ।

(३) सडक ठाउँ ठाउँमा बिग्रिएको, भत्किएको अवस्थामा रहेको ।

### ५.१.६ क्रसर उद्योगहरुबाट परेको असर/प्रभाव

इन्द्रावती नदी आसपासको क्षेत्रमा सञ्चालित क्रसर उद्योगहरुले नदीबाट अनियन्त्रित र मापदण्ड विपरित उत्खनन् एवं संकलनको कार्य गर्दा परेका असर एवं प्रभावलाई बुँदागत रुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

(१) इन्द्रावती नदीको बहाव समय समयमा परिवर्तन भइरहने हुँदा नदी छेउछाउमा रहेको उर्वरा कृषि भूमिको क्षय भई मरुभूमीकरणको खतरा देखिएको ।

(२) सिपाघाट पूलको तल र माथि क्रसर उद्योगहरुले नदीलाई गहिऱ्याएर उत्खनन् गर्दा पानीको बहाव गढ्दै जाँदा यस पक्की पूलका खम्बाहरुका आधार (Base) हरुमा रहेका ढुंगा जालीहरु क्रमश: बगाउँदै लैजाँदा पूल नै खतरामा रहेको ।

(३) पूलको पारी (सिन्धुपाल्चोक जिल्ला) पट्टी नदी किनारामा रहेको तटबन्ध पनि वार्षिक रुपमा विग्रिंदै र धसिंदै गइरहेको हुँदा नदीले थप कटान र बहाव परिवर्तन गर्न सक्ने अवस्था देखिएको ।

(४) यस क्षेत्रमा क्रसर उद्योगहरु सञ्चालनमा आउन थालेको करीब ५ वर्ष जति भयो । यी उद्योगहरुको बढ्दो उत्खनन् कार्यसँगै नदीको पानीको सतह पनि तल-तल भासिंदै गइरहेको त्यस क्षेत्रका खेतहरुमा सिंचाईका लागि बनाइएका नहर, कुलोहरुमा पानी नजाने समस्या बढ्दै गएको छ ।

(५) ती क्रसर उद्योगहरु कृषियोग्य भूमिमा सञ्चालन गरिएका कारण एकातर्फ कृषि भूमिको क्षेत्र घट्न गयो भने अर्को तर्फ ती उद्योगहरु आसपासका कृषि भूमिमा हुने उत्पादनको परिमाण पनि धूलो, धूवाँ, पानीको अभाव आदि जस्ता कारणले गर्दा घट्दै गइरहेको छ ।

(६) ती उद्योगका कारण त्यस नदीमा बस्ने जलचर माथि पनि प्रभाव परेको देखियो । भ्रमण टोलीले हेर्दै गर्दा त्यस नदीमा जाल फ्याँकिरहेका ४/५ जना माझीहरुको जालमा ५-७ पटकसम्म पनि एउटै माछा नपर्नुले यस कुराको पुष्टि गर्दछ । यसबाट त्यस क्षेत्रमा बसोबास गर्ने माझी जातिको पेशा समेत संकटमा परेको छ ।

(७) यी उद्योगहरुले वातावरणलाई पनि प्रदूषित पारेको पाइयो ।

(८) क्रसर उद्योगबाट निस्कने धुलोले स्थानीय कृषि फसल र व्यक्तिको श्वास-प्रश्वास एवं दैनिक जीवन यापनमा पनि असर गरेको छ । उद्योगबाट निस्कने अनावश्यक पदार्थहरु नदीमा फ्याँक्दा जल प्रदूषण तथा मेशिनहरु एवं सवारी साधनहरु चल्दा ध्वनी प्रदूषण समेत भएको देखिन्छ ।

(९) यस क्षेत्रमा सञ्चालित क्रसर उद्योगहरुबाट प्रशोधित पदार्थहरु लिएर दैनिक रुपमा आवत जावत गर्ने ट्रिपरहरुको संख्या करीव २०० रहेको छ । यिनका कारणले जिरो किलोदेखि मेलम्ची बजारसम्मको साँगुरो सडकमा जाम हुने समस्याका साथै यी ट्रिपरहरुले सडकको भारवहन क्षमताभन्दा बढी मत्रामा भार बोकेर हिंड्दा हालसालै मात्र पूर्ण रुपले तयार भएको सडक अधिकांश ठाउँमा विग्रिसकेको छ । स्थानीयबासी एवं अन्य यात्रुहरुले सडकको अवस्थाका कारणले कठिनाई भोग्नु परिरहेको छ ।

(१०) समष्टीमा भन्नु पर्दा यस समितिको चुरे भावर लगायतको क्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन् र निकासी सम्बन्धी अध्ययन प्रतिवेदन,२०६६ मा दिइएका सुझाव एवं निर्देशनहरुको पालना भएको पाइएन ।

## ५.२ सुनकोशी नदीको सन्दर्भमा

(१) नदीबाट ढुंगा र गिट्टी निकाल्दा एक्स्काभेटर प्रयोग भएको र नदीमा खाल्डाहरु देखिएको । नदीमा एक्स्काभेटर प्रयोग हुँदा र नदीको बीचमा नै खनिंदा नदीको सतह गहिरिएर नदीको वारी-पारी भू-स्खलन र पहिरो जाने संभावना देखिएको ।

(२) स्थानीय विकास अधिकारीको भनाईमा नदीको ढुंगा, गिट्टी, वालुवाको लागि ठेक्का लगाइ जि.वि.स.को राजस्व वृद्धि गर्ने जि.वि.स.को काम हो । जिल्ला वन अधिकृतले दिनु भएको जानकारी अनुसार वन क्षेत्रभित्र ढुंगा, गिट्टी, बालुवाको ठेक्का लगाउँदा र क्रसर उद्योग स्थापना गर्दा वन कार्यालयसँग स्वीकृति मागिंदैन ।

(३) ढुंगा गिट्टीको घाटगद्दी नभएकोले कति परिमाणमा उत्खनन र संकलन गरिएको छ र कति परिमाणमा निकासी भयो ? त्यसको उभिलेख नभएको, निकासीको परिमाण र राजस्व कति आउनु पर्ने, कति आयो यकिन गर्न नसकिएको ।

(४) क्रसर उद्योग एकातिर राख्ने भनी स्वीकृति लिइएको तर क्रसर सडककै छेउमा स्थापना गरिएको भन्ने कुरा घरेलु तथा साना उद्योग कार्यालयका प्रमुखले टोलीलाई बताउनु भयो ।

(५) अरनिको लोकमार्ग खुल्दा सडकको दायाँ बायाँको २५ मिटर जग्गा अधिग्रहण गरिएकोमा सडक विभागले निजी जग्गा धनीको नाममा भएको जग्गाको लगत कट्टा गरी आफ्नो नाममा लिएको रहेनछ । त्यसले गर्दा अहिले पनि सडकको दायाँ बायाँको जग्गा व्यक्तिको नाममा नै रहेकोले सडक मिचेर बनाएका संरचना भत्काउन समस्या भएको कुरा प्रमुख जिल्ला अधिकारीले बताउनु भयो ।

## भाग-६
## निश्कर्ष

क्रसरको लागि कच्चा पदार्थको स्रोत नखुलेको, क्रसरहरु एक ठाउँमा राख्ने भनेर स्वीकृति लिने अर्को ठाउँमा राख्ने गरेको, उव्जाउ कृषि भूमिमा क्रसर राख्दा कृषि उत्पादनमा असर पर्ने, ढुंगा, गिट्टी वालुला, निकाल्दा एक्स्काभेटरको प्रयोगले जलउत्पन्न प्रकोप बढ्ने र इन्द्रावतीको पूलको संरक्षणमा नै प्रश्न चिन्ह खडा भएको छ । तर स्थानीय विकास अधिकारीले ठेक्का-पट्टा मात्र लगाउने, ढुंगा, गिट्टी निकाल्दा वातावरण संरक्षण ऐन र नियमावली अनुसार काम भए नभएको अनुगमन गर्नु पर्ने जवाफदेहिता स्वीकार नगरेकोले समस्या झन जटिल बनेको छ साथै जिल्ला प्रशासन, जिल्ला वन, जि.वि.स., घरेलु तथा साना उद्योग र सडक कार्यालयहरु बीच समन्वय नदेखिएको, ढुंगा, गिट्टीको घाटगद्दी गरेर निकासी गर्ने र निकासीको परिमाण नराख्ने गर्दा राजस्वमा समेत घाटा भएको, अरनिको लोकमार्गको दायाँ-बायाँको २५ मीटर जग्गा सडक विभागले आफ्नो नाममा हक हस्तान्तरण गरी नलिंदा सडकको छेउ मिच्ने प्रवृत्ति बढेको पाइयो ।

## भाग-७
## सुझाव एवं निर्देशन

| क्र.सं. | सुझाव एवं निर्देशनको विवरण | कसले गर्ने | कहिलेसम्ममा गर्ने |
|---|---|---|---|
| १. | समितिको चुरे भावर लगायतका क्षेत्रको ढुंगा, गिट्टी वालुवा उत्खनन् र निकासी सम्बन्धी प्रतिवेदन,२०६६ मा उल्लेख भएका सुझाव एवं निर्देशनको पालना गर्ने गराउन निर्देशन दिने । | स्थानीय विकास र उद्योग मन्त्रालय | तत्कालै शुरु गरी निरन्तरता दिने |
| २. | समितिको नल्लु क्षेत्रको ढुंगा खानी र नख्खु खोलाको बहाव क्षेत्रको अतिक्रमण सम्बन्धी प्रतिवेदन,२०६८ मा उल्लेख भएका सुझाव एवं निर्देशनहरुको पनि पालना गर्न, गराउन निर्देशन दिने । | स्थानीय विकास र उद्योग मन्त्रालय | प्रतिवेदनमा तोके अनुसार |
| ३. | यस समितिको चुरे भावर लगायतका क्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन र निकासी सम्वन्धी अध्ययन प्रतिवेदन,२०६६ मा दिइएका सुझाव एवं निर्देशनको ५.२.३ अन्तर्गतको क्रमसंख्या (११) को निर्देशनलाई आधार मानी सिपाघाटको पूलदेखि ५०० मिटर तल-माथिसम्म ढुंगा, गिट्टी, बालुवाको उत्खनन् र संकलन गर्ने कार्य तत्कालै बन्द गर्न निर्देशन दिने । | स्थानीय विकास र उद्योग मन्त्रालय | तीन महीना |
| ४. | उर्वरा कृषियोग्य भूमिलाई कृषि उत्पादनमा नै लगाउनु पर्ने देखिएकोले त्यस्तो भूमिमा क्रसर उद्योग राख्न निरुत्साहित गर्ने । | स्थानीय विकास र उद्योग मन्त्रालय | तत्कालै शुरु गर्ने |
| ५. | मेलम्ची खानेपानीको पहुँच मार्गमा पर्ने तामाखानीको पहिरो रोकथाम एवं नियन्त्रणका लागि वायो-इञ्जिनियरिङ्ग (Bio-engineering) प्रविधि (बाँस, घाँस, काँस लगाई) प्रयोग गर्न निर्देशन दिने । | वन तथा भू-संरक्षण र भौतिक योजना तथा निर्माण मन्त्रालय | तीन महीनाभित्र शुरु गरी निरन्तरता दिने । |